रास्कोट नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

आर.सी.पी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३


**पत्र संख्याः – २०८२/०८३** **चलानी नः-** **मितिः - २०८२/११/२५**

**बिषयः** घरभाडामा लिने सम्बन्धी सार्वजनिक सूचना

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८२/०९/११ को निर्णय अनुसार रास्कोट नगरपालिकामा ईलाका प्रशासन कार्यालय रास्कोट स्थापना भई कार्यालय सञ्चालन गर्ने निर्णय भएको र सो कार्यालयको स्थायी भवन निर्माण कार्य भईरहेकाले, कार्यालय सञ्चालनका लागि केही समयका लागि उपयुक्त भवन घरभाडामा लिनुपर्ने भएकोले देहाय बमोजिमका मापदण्ड तथा शर्तहरू पूरा गर्ने घरधनी/संस्थाहरूबाट ७ (सात) दिनभित्र आवश्यक कागजातसहित प्रस्ताव पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**(क) भवन सम्बन्धी आवश्यक मापदण्डः-**

१. भवन रास्कोट बजार क्षेत्रभित्र वा नगरपालिकाको कार्यालयबाट नजिक हुने स्थानमा अवस्थित हुनुपर्नेछ।

२. भवन आर.सी.सी. (RCC) पिलर सिस्टमबाट निर्माण गरिएको सुरक्षित संरचना हुनुपर्नेछ।

३. भवन नगरपालिकाबाट नक्सा पास भएको प्रमाणित हुनुपर्नेछ।

४. भवन मुख्य सडकसँग जोडिएको र सवारी साधन सजिलै आवतजावत गर्न मिल्ने स्थानमा हुनुपर्नेछ।

५. भवन अगाडि वा वरिपरि खुला स्थान भएको र सेवाग्राही बस्न तथा प्रतीक्षा गर्न मिल्ने खालको व्यवस्था मिल्नुपर्नेछ।

६. कार्यालय सञ्चालनका लागि कम्तीमा ५ (पाँच) कोठा उपलब्ध हुनुपर्नेछ।

७. प्रत्येक कोठाको साइज न्युनतम १०×१२ फिट हुनुपर्नेछ।

८. कर्मचारी कार्यकक्ष, सेवाग्राही प्रतीक्षालय, बैठक कक्ष तथा अभिलेख कक्ष व्यवस्थापन गर्न सकिने हुनुपर्नेछ।

९. भवनमा पर्याप्त प्रकाश पुग्ने तथा हावा आवातजावत हुने व्यवस्था भएको हुनुपर्नेछ।

१०. भवनमा पिउने पानी, शौचालय, विद्युत् सुविधा अनिवार्य रूपमा उपलब्ध हुनुपर्नेछ।

११. कार्यालयको साइनबोर्ड तथा सूचना बोर्ड राख्न मिल्ने स्थान उपलब्ध हुनुपर्नेछ।

१२. भवन सुरक्षित, सफा तथा सरकारी कार्यालय सञ्चालनका लागि उपयुक्त हुनुपर्नेछ।

महेन्द्रजङ्ग शाही
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः – २०८२/०८३ चलानी नः- मितिः - २०८२/११/२५

**(ख) पेश गर्नुपर्ने कागजातहरूः-**

१. घरधनी/संस्थाको निवेदन पत्र।

२. घर जग्गाको लालपुर्जा प्रतिलिपि।

३. घरधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

४. भवनको फोटो तथा संक्षिप्त विवरण।

५. भवनको नक्सा पास प्रमाणपत्र।

६. कोठा संख्या तथा उपलब्ध सुविधाहरूको विवरण।

७. प्रस्तावित घरभाडा दर उल्लेख गरिएको प्रस्ताव पत्र।

**(ग) छनोट प्रक्रियाः-**

१. प्राप्त प्रस्तावहरूको प्रारम्भिक मूल्याङ्कन नगरपालिकाबाट गरिनेछ।

२. आवश्यकता अनुसार नगरपालिकाको प्राविधिक टोलीबाट स्थलगत निरीक्षण गरिनेछ।

३. निरीक्षणपछि कार्यालय सञ्चालनका लागि उपयुक्त ठहरिएको भवनसँग भाडा सम्झौता गरिनेछ।

४. आवश्यक परेमा भाडादर सम्बन्धी आपसी छलफल तथा समायोजन गर्न सकिनेछ।

५. नगरपालिकाले उपयुक्त नभएका प्रस्ताव अस्वीकार गर्ने अधिकार राख्नेछ।

**(घ) अन्य शर्तहरूः-**

१. प्रस्तावित भवनमा कुनै कानुनी विवाद वा रोक्का नभएको हुनुपर्नेछ।

२. भवन कम्तीमा स्थायी भवन निर्माण कार्य सम्पन्न नहुन्जेल सम्मका लागि भाडामा उपलब्ध गराउन सकिने हुनुपर्नेछ।

३. भवनको संरचनात्मक सुरक्षा तथा आवश्यक मर्मत सम्भार गर्ने जिम्मेवारी घरधनीको हुनेछ।

४. भवन प्रयोगको क्रममा आवश्यक पर्ने सामान्य आन्तरिक व्यवस्थापन (फर्निचर, पार्टिसन आदि) नगरपालिकाले गर्न सक्नेछ।

५. भवन प्रयोगको क्रममा हुने सामान्य प्रयोगजन्य क्षति बाहेक अन्य क्षति भएमा सो सम्बन्धी व्यवस्था सम्झौता अनुसार हुनेछ।

रास्कोट नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
आर.सी.पी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**पत्र संख्याः – २०८२/०८३** **चलानी नः-** **मितिः - २०८२/११/२५**

६. भवनमा पानी, शौचालय, विद्‌युत् तथा अन्य आधारभूत सेवा निरन्तर उपलब्ध हुने व्यवस्था हुनुपर्नेछ।

७. भवनको घरजग्गा कर तथा अन्य कानुनी दायित्व घरधनीकै जिम्मेवारी हुनेछ।

८. आवश्यक ठानेमा नगरपालिकाले भवनको पुनः निरीक्षण गर्न सक्नेछ।

९. भवन सम्बन्धी अन्य विषयहरू प्रचलित कानुन तथा सम्झौता पत्र अनुसार लागू हुनेछन्।

१०. आवश्यक ठानेमा रास्कोट नगरपालिकाले सूचना संशोधन, थप सर्त राख्ने वा रद्द गर्ने अधिकार राख्नेछ।

११, घर भाडा भुक्तानी हुदाँ १०% घर बहाल कर कट्टी गरिनेछ।

**(ङ) प्रस्ताव पेश गर्ने स्थानः-**

रास्कोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रास्कोट, कालीकोट

फोन: ९८६८५६३४५३

महेन्द्रजङ्ग शाही
प्रमुख प्रशासकीय अधिकृत